# संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्क, अमेरिकामा सम्पन्न
# आदिवासी जनजातिका मुद्दाहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (UN-PFII) को तेइसौं सत्र (१५–२६ अप्रिल २०२४) मा

# सहभागिताको प्रतिवेदन

<u>प्रतिवेदन प्रस्तोता</u>

डा. मीनबहादुर श्रीस, सदस्य
नूरहरि खतिवडा, सचिव

आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर

२०८१ बैशाख

# विषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | ३ |
| २. उद्देश्य | ४ |
| ३. सहभागिता प्रक्रिया | ४ |
| ४. सहभागीहरूको प्रस्तुति व्यवस्थापन | ४ |
| ५. कार्यक्रमको संक्षिप्त विवरण (१९–२६ अप्रिल २०२४) | ५ |
| ६. कार्यक्रमको उपलब्धी | ७ |
| ७. सुझाव | ७ |
| परिशिष्ट १ | ९ |
| परिशिष्ट २ | १८ |
| परिशिष्ट ३ | २४ |

## १. पृष्ठभूमि

संयुक्त राष्ट्रसंघको स्थापना (सन् १९४५) भएपछिको पहिलो दसकसम्म आदिवासी जनजातिका सरोकारहरूका विषयमा कुनै छलफल भएन र उनीहरूको आवाज सुनिएन । त्यसपछिका दसकहरूमा भने विस्तारै आदिवासी जनजाति समुदायका मुद्दाहरूलाई छलफलको विषय बनाउनुका साथै संयुक्त राष्ट्रसंघीय प्रणालीमा उनीहरूसँगको साझेदारी निर्माण प्रक्रियालाई आत्मसात् गर्ने नीति अंगिकार गर्न थालियो । परिणाम स्वरुप संयुक्त राष्ट्रसंघले आदिवासी जनजाति समुदायको सरोकार र मानव अधिकारको विषयमा नयाँ चेतना (new awareness) जगाउनु पर्ने आवश्यकतालाई बुझ्यो । मानव सम्पदा र सांस्कृतिक विविधतामा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञानको विशिष्ट योगदानलाई स्वीकार गरियो । त्यसकारण नीति, कानून र बजेट मार्फत आदिवासी जनजाति समुदायको समस्या सम्बोधनको आवश्यकतालाई संयुक्त राष्ट्रसंघले गम्भीरता पूर्वक लिन थाल्यो । सन् १९८४ र १९९३ को बीचमा संयुक्त राष्ट्रसंघमा आदिवासी जनजातिका मुद्दाहरूले बढी महत्व प्राप्त गर्‍यो । सन् १९८५ मा आदिवासी जनजातिहरूका लागि संयुक्त राष्ट्र स्वेच्छिक कोष (UN Voluntary Fund for Indigenous Populations, 1985) र सन् १९८९ मा आदिवासी जनजातिहरूका लागि आईएलओ महासन्धि १६९ (ILO Convention 169 on Indigenous and Tribal Peoples, 1989) पारित भयो । सन् १९९३ मा विश्व आदिवासी जनजातिको अन्तर्राष्ट्रिय वर्ष (International Year of the World's Indigenous Peoples) र त्यसपछि विश्व आदिवासी जनजातिको अन्तर्राष्ट्रिय दसक (International Decades of the World's Indigenous People, 1995-2004) घोषणा गरियो ।

सन् १९९३ को भियना सम्मेलनको आधारमा दस वर्षसम्म चलेको अन्तराष्ट्रिय परामर्श एवं छलफलपछि सन् २००० जुलाई २८ मा संकल्प २०००/२२ (Resolution 2000/22) द्वारा आदिवासी जनजातिका मुद्दाहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च [United Nations Permanent Forum on Indigenous Issues (UN-PFII)] को स्थापना भएको हो । आर्थिक तथा सामाजिक विकास, संस्कृति, वातावरण, शिक्षा, स्वास्थ्य र मानव अधिकारका विषयमा छलफल गर्ने र आफ्नो कार्यादेशसँग सम्बन्धित सबै विषयमा आर्थिक तथा सामाजिक परिषद् (Economic and Social Council) र संयुक्त राष्ट्रसंघीय प्रणाली (United Nations system) लाई सल्लाह दिने एवं संयुक्त राष्ट्रसंघीय प्रणालीमा आदिवासी जनजातिका मुद्दाहरूको समन्वय प्रवर्द्धन र एकीकरण गर्ने तथा आदिवासी जनजातिका मुद्दाहरूको बारेमा चेतना जगाउने र जानकारीमूलक सामग्रीहरूको उत्पादन गर्ने जस्ता विस्तृत कार्यक्षेत्र यो स्थायी मञ्चमा रहेको छ । संयुक्त राष्ट्रसंघको उच्च वरियताक्रममा रहेको यो मञ्चले आदिवासी जनजातिका धेरै प्रकृतिका मुद्दाहरूको सम्बोधनका लागि राज्यहरूसँगको राजनीतिक सम्बन्ध र समन्वयलाई प्राथमिकतामा राखेर आफ्नो कार्य अघि बढाइरहेको छ । हरेक वर्ष संयुक्त राष्ट्रसंघ मुख्यालय न्यूयोर्कमा सम्पन्न हुने आदिवासी जनजातिका मुद्दाहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (UN-PFII) को वार्षिक सत्रमा विश्वका सबै भेगहरूबाट एक हजार पाँच सय भन्दा बढी आदिवासी जनजातिहरूको सहभागिता हुन्छ । यसका अतिरिक्त लगभग ७० देशहरूका प्रतिनिधिहरू, करिब ३५ संयुक्त राष्ट्र एजेन्सीहरू (UN agencies) र अन्तर-सरकारी निकायहरू (inter-governmental entities) ले सहभागिता जनाउने गर्दछन् ।

त्यसकारण (UN-PFII) को वार्षिक सत्र (session) लाई संसारभरिका आदिवासी जनजाति समुदायको महाकुम्भ मेला जस्तै मानिएको छ । युएन-पीएफआईआईको वार्षिक सत्रले लगभग ९० देशका ३७ करोड भन्दा बढी आदिवासी जनजाति समुदायको बलियो र गतिशिल अन्तरसम्बन्ध कायम गर्न मद्दत पुऱ्याएको छ ।

आर्थिक तथा सामाजिक विकास, संस्कृति, शिक्षा, वातावरण, स्वास्थ्य र मानव अधिकारका विषयमा केन्द्रित आदिवासी जनजातिका मुद्दाहरूलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघ अन्तर्गत मुख्य तीन संयन्त्रहरू (Mechanism) स्थापना गरिएका छन् । १. आदिवासी जनजातिका मुद्दाहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च [United Nations Permanent Forum on Indigenous Issues (UN-PFII)] २. आदिवासी जनजातिको अधिकार सम्बन्धी विशेष प्रतिवेदक (Special Rapporteur on the Rights of Indigenous Peoples) र ३. आदिवासी जनजातिको अधिकार सम्बन्धी विज्ञ संयन्त्र (Expert Mechanism on the Rights of Indigenous Peoples) ।

## २. उद्देश्य

संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (UN-PFII) को वार्षिक सत्रमा सहभागिताको मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क). संयुक्त राष्ट्रसंघको उच्च वरियताक्रममा रहेको UN-PFII जस्तो आदिवासी जनजातिको मामिला हेर्ने अन्तर्राष्ट्रिय स्तरको मञ्चसँग आयोगको सम्बन्ध स्थापित गर्ने ।

(ख) आदिवासी जनजाति समुदायको उत्थान सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यास तथा सूचनाहरूको आदानप्रदान गर्ने ।

(ग) आयोग तथा नेपाल सरकारले आदिवासी जनजाति समुदायका मानव अधिकारका सम्बन्धमा गरेका गतिविधिहरू सरोकारवाला अन्तर्राष्ट्रिय निकायहरू समक्ष जानकारी गराउने ।

(घ) नेपालका आदिवासी जनजाति समुदायको सबलिकरण एवं दिगो विकास लक्ष्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय समन्वयको वातावरण निर्माण गर्ने ।

## ३. सहभागिता प्रक्रिया

संयुक्त राष्ट्रसंघको उच्च वरियताक्रममा रहेको UN-PFII ले हरेक वर्षको अप्रिल महिनामा दुई हप्तासम्म वार्षिक सत्र सञ्चालन गर्दछ । वार्षिक सत्रमा सदस्य राष्ट्रहरू, संयुक्त राष्ट्रसंघ र अन्य अन्तर-सरकारी संस्थाहरू, आदिवासी जनजातिका संस्थाहरू, स्थायी मञ्चमा मान्यता प्राप्त एकेडेमिया (academia) र संयुक्त राष्ट्र आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) सँग परामर्शको स्थितिमा रहेका गैरसरकारी संस्थाहरूले सहभागिता जनाउन पाउँदछन् । वार्षिक सत्रमा भाग लिनेहरूका लागि दुई महिना अघि दर्ता प्रक्रिया खुल्ला गरिन्छ । UN को NGO Branch अर्थात Department of Economic and Social Affairs (DESA) ले online registration को लागि सहजिकरण गर्दछ । सहभागी हुने प्रतिनिधिहरू (delegates) का लागि व्यक्तिगत दर्ता गर्न INDICO system (a web application) को व्यवस्था गरिएको हुन्छ ।

## ४. सहभागीहरूको प्रस्तुति व्यवस्थापन

स्थायी मञ्चमा सहभागीहरूले कार्य कार्यक्रम (Programme of Work) र अन्तरक्रियात्मक संवाद (Interactive Dialogues) मार्फत आफ्ना प्रस्तुतिकरण पेश गर्न सक्दछन् । कार्य कार्यक्रममा बोल्नका लागि वक्ताहरूको सूची (Lists of Speakers) मा एकेडेमिया बाहेकका सबै पर्यवेक्षक तथा सहभागीहरूले अग्रिम दर्ता गर्न सकिने व्यवस्था गरिएको हुन्छ । अग्रिम दर्ता भइसकेका पर्यवेक्षकहरू (pre-registered observers) ले पूर्वनिर्धारित agenda items अनुरुप आफ्नो पालोमा प्रस्तुति दिने व्यवस्था गरिएको हुन्छ । सदस्य राष्ट्रहरू, मान्यता प्राप्त आदिवासी जनजाति संगठनहरू र संयुक्त राष्ट्र एजेन्सीहरूलाई आलोपालो गरी बोल्न दिइन्छ । प्रत्येक वक्तालाई प्रति एजेन्डा एक पटकमा ३ मिनेट समय उपलब्ध गराइन्छ । अन्तरक्रियात्मक संवादका लागि वक्ताहरूको सूची तयार पारिएको हुँदैन । निर्धारित agenda items मा बोल्न चाहने पर्यवेक्षकहरू सबैको लागि खुल्ला गरिएको हुन्छ । प्रत्येक सत्रको प्रारम्भमा पर्यवेक्षकहरूले हात उठाएर एवं माइक्रोफोनको बटन थिचेर फ्लोरमा अनुरोध गर्न सक्दछन् । समय ३ मिनेट वा अझ कम हुनसक्दछ । Plenary Meetings मा प्रस्तुतिका लागि २ घण्टा अघि इमेल मार्फत आफ्नो statements दर्ता गराउन सकिन्छ । दर्ता भएका संस्थाहरूबाट Side events सञ्चालन गरिन्छ । त्यसका लागि फेब्रुअरी महिनामा दर्ता खुल्ला गरिएको हुन्छ । यसका अतिरिक्त अन्य इभेन्टहरू विश्वव्यापी आदिवासी महिला भेला (The Global Indigenous Women's Gathering), विश्वव्यापी आदिवासी जनजाति ककस (caucus) बैठक, आदिवासी शिल्प मेला (Indigenous Craft Fair) आदिको समेत आयोजना गरिन्छ ।

उद्घाटन सत्र र कार्यक्रमहरूमा महासभाको हलको पहिलो दुई पंक्तिका कुर्चीहरू स्थायी मञ्चका सदस्यहरूका लागि छुट्याइएका हुन्छन् । आदिवासी जनजातिका संगठनहरू, आदिवासी जनजाति सांसदहरू (Parliamentarians), संयुक्त राष्ट्रसंघीय संस्थाहरू र संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरूका लागि नेमप्लेट राखिएका हुन्छन् ।

## ५. कार्यक्रमको संक्षिप्त विवरण (१५–२६ अप्रिल २०२४)

UN-PFII को यस वर्ष सम्पन्न २३ औं अधिवेशन (23rd session) को नारा “आदिवासीहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको परिप्रेक्ष्यमा आदिवासी युवाहरूको आवाजलाई जोड दिँदैः आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारको प्रवर्द्धन गर्ने” ("Enhancing Indigenous Peoples’ right to self-determination in the context of the United Nations Declaration on the Rights of Indigenous Peoples: emphasizing the voices of Indigenous youth.") रहेको थियो । सन् २०२४ अप्रिल १५ देखि २६ सम्म (वि. सं. २०८१ वैशाख ३ देखि १४) सञ्चालित UN-PFII को २३ औं अधिवेशनमा आदिवासी जनजाति आयोगको तर्फबाट माननीय सदस्य डा. मीनबहादुर श्रीस र आयोगका सचिव श्री नूरहरि खतिवडाको सहभागिता रह्यो ।

माननीय सदस्य डा.मीनवहादुर श्रीसको मनोनयनको लागि मन्त्रिपरिषदबाट निर्णय हुन ढिलाई भएको र अमेरिकाको भीसा तथा हवाई टिकट लगायतका तयारीमा थप समय व्यतित गर्नु पर्दा १९ अप्रिलका दिनमात्र न्यूयोर्क प्रस्थान गर्न संभव भयो । सचिव नूरहरि खतिवडाको हकमा आयोगबाट समयमा नै निर्णय प्रकृया टुंगिएकोले भीसा र टिकट लगायतका तयारी पहिले नै भैसकेको हुँदा १४ अप्रिलमा न्यूयोर्क प्रस्थान गर्नसक्ने अवस्था बन्यो । UNPFII को १० दिने सम्मेलनमा आदिवासी जनजाति आयोगबाट भएको दुई जनाको सहभागिताको विवरण तल प्रस्तुत गरिएको छ :

## माननीय सदस्य डा.मीनवहादुर श्रीसको सहभागिता

अप्रिल १९ को मध्य रातमा जोन अफ केनेडी विमानस्थलमा अवतरण पश्चात न्यूयोर्क स्थित नेपालको स्थायी नियोगका प्रथम सचिव (first secretary) कृष्ण अर्यालसँग भेटघाट भयो । त्यसपछि न्यूयोर्क म्यानहटन ८४ ई थर्द एभेन्यू स्थित स्थायी नियोगका राजदूत लोकबहादुर थापासँग भेटघाट सम्पन्न भयो । अप्रिल २० अपरान्हमा मगर संघ अमेरिकाका अध्यक्ष यम पुन मगरसँग न्यूयोर्क म्यानहटन स्थित सेन्ट्रल पार्कमा भेटघाट तथा मगर संघ न्यूयोर्क च्याप्टरका पदाधिकारीहरूसँग भेटघाट र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने विषयमा छलफल सम्पन्न गरियो । अप्रिल २१ का दिन आदिवासी जनजाति महासंघ अमेरिका (फिन्पा) का महासचिव दीपक चौधरीसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने बारे छलफल भएको थियो । अप्रिल २२ को विहान लोकबहादुर थापा (Ambassador/Permanent Representative Permanent Mission of Nepal to the UN) सँगै ९ बजे नेपालको स्थायी नियोग कार्यालयमा पुगेर त्यहाँका कर्मचारीको सहयोगमा UN Pass and ID office, 320 E 45th Street बाट UN grounds passes संकलन गरियो । त्यसपछि हामी (थारु आयोगका सदस्य सुबोधसिंह थारु सहित) UN-PFII 23rd session भइरहेको स्थान UN Headquarters, 405 East 42nd street New York को General Assembly Hall मा प्रवेश गऱ्यौं । नेपालको स्थायी नियोगका प्रथम सचिव कृष्ण अर्याल हामीलाई सहजिकरण गर्न कार्यक्रम स्थलमा साँझ ६ बजेसम्म रहनु भयो । आदिवासी जनजाति आयोगका सदस्य माननीय डा. मीनबहादुर श्रीसले UN-PFII 23rd session कार्यक्रममा सहभागी भएर नेपालको तर्फबाट स्टेटमेन्ट प्रस्तुत गर्नुभयो । Statement on Agenda Item 5 (d): Human Rights Dialogue with the Special Rapporteur on the rights of Indigenous Peoples and Expert Mechanism on the Rights of Indigenous Peoples; annual review of progress on the implementation of general recommendation No. 39 (2022). UN-PFII 23rd session को अध्यक्षता Ms. Hindou Omarou Ibrahim ले गर्नुभएको थियो । प्रस्तुत स्टेटमेन्ट र Provisional list of speakers परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

अप्रिल २३ को विहान १० बजेदेखि Conference hall 6, United Nations headquarters, New York, NY मा side event को Panelist को रुपमा सहभागी भएर आदिवासी जनजाति आयोगका सदस्य माननीय डा. मीनबहादुर श्रीसले "Youth-Led Solution for Sustainable Development Goals (SDGs): A Side Event for International Collaboration" शीर्षकमा प्रस्तुति दिनुभएको थियो । उक्त साइड इभेन्टमा Foundation for Human Horizon, USA का अध्यक्ष Mr. Deelip Mhaske ले moderator को भूमिका निभाउनु भएको थियो भने Asian Indigenous International Network का फुलमान चौधरीले opening remarks राख्नु भएको थियो । प्रस्तुत Remarks र Panelist list परिशिष्ट खण्डमा समावेश गरिएको छ । अप्रिल २३ को साझ ६ बजेदेखि मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरले मगर संघ युएसएको कार्यालय 69-08 Woodside Ave #2FL Woodside NY 11377 मा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा आयोगका सदस्य डा. मीनबहादुर श्रीसले प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गर्नुभयो । न्यूयोर्क च्याप्टरका अध्यक्ष अमृत रोका मगर र पदाधिकारीहरू लगायत मगर संघ अमेरिकाका अध्यक्ष यम पुनमगर सहितको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा डा. श्रीसले आयोगका उद्देश्य र गतिविधिहरूको बारेमा जानकारी गराउनु भएको थियो । मगर संघ अमेरिकाका अध्यक्षले आफ्नो संघको लोगो भएको झोला र स्मारिका 'याभू' उपहार स्वरुप माननीय डा. श्रीसलाई प्रदान गर्नुभएको थियो ।

अप्रिल २४ का दिन UN-PFII23rd session कार्यक्रममा सहभागी भए पश्चत साँझ ६ बजेदेखि Jackson Heights Queens NY स्थित एक नेपाली रेष्टुरेन्टमा आदिवासी जनजाति महासंघ अमेरिका (फिन्पा) ले आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा आतिथ्यता ग्रहण गर्न आदिवासी जनजाति आयोगका माननीय डा. मीनबहादुर श्रीस र थारु आयोगका माननीय सुबोधसिंह थारु सहभागी हुनुभयो । कार्यक्रममा दुबै आयोगका गतिविधि बारे संक्षिप्त जानकारी गराइयो । आदिवासी जनजाति महासंघ अमेरिका (फिन्पा) ले पनि आयोगका पदाधिकारीहरू समक्ष आफ्ना गतिविधिहरूको बारेमा जानकारी गराएको थियो । कार्यक्रममा फिन्पाका अध्यक्ष तोरणबहादुर गुरुङ, वरिष्ठ उपाध्यक्ष तुलबहादुर तामाङ, महासचिव दीपक चौधरी, मगर संघ अमेरिकाका अध्यक्ष यम पुनमगर लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो । आदिवासी जनजाति महासंघ अमेरिका (फिन्पा) मा हाल १७ वटा जातीय संस्थाहरूको आबद्धता रहेको छ । कार्यक्रमको समापन पछि रात्रिभोजको आयोजना गरिएको थियो ।

मगर संघ अमेरिकाका अध्यक्ष यम पुनमगरले अप्रिल २४ को साँझ १० बजे आदिवासी जनजाति आयोगका सदस्य डा. मीनबहादुर श्रीस र थारु आयोगका सदस्य सुबोधसिंह थारुलाई JFK airport सम्म पुऱ्याएर बिदाइ गर्नुभयो । अप्रिल २५ को विहान ०१:२० मा JFK airport बाट Qatar Airways को flight QR 706 मार्फत Doha, QA (Hamad International) प्रस्थान गरी २६ अप्रिलको विहान ८:४० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा आगमन भयो ।

## <u>सचिव नूरहरि खतिवडाको सहभागिता</u>

- अप्रिल १४ विहान ७.१० मा काठमाण्डौबाट टर्किस एअरलाइन्सको विमानबाट इस्तानबुल हुँदै न्यूयोर्क प्रस्थान गरेको र सोही दिन राती १०.३० मा जेएफके अन्तर्राट्रिय विमानस्थल न्युयोर्क पुगेको ।
- अप्रिल १५ का दिन विहान संयुक्त राष्ट संघको परिसरमा प्रवेश गर्न आवश्यक ग्राउण्ड पास संकलन गरी संयुक्त राष्ट्र संघको परिसर र UNPFII को बैठक सञ्चालन हुने स्थानको बारेमा जानकारी लिई न्युयोर्कका महत्वपूर्णस्थलहरु : टाइमस्क्वायर, ग्राउण्ड जीरो, वर्ल्ड ट्रेड टावर, ब्रुकलिन ब्रीज लगायतका स्थानहरुको भ्रमण गरेको ।
- अप्रिल १६ का दिन विहान न्युयोर्कस्थित संयुक्त राष्ट्र संघको लागि नेपालको स्थायी नियोगमा कार्यरत नेपाली कर्मचारीहरु लगायत संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रनिनिधि लोक बहादुर थापासँग भेटघाट र छलफल गरेको । UNPFII को सम्मेलनमा आदिवासी जनजाति आयोगको तर्फबाट सहभागी हुन आफू आइपुगेको र माननीय सदस्य डा.मीन श्रीस कार्यकममा सहभागि हुन केही दिनपछि आइपुग्ने तयारी भैरहेको जानकारी गराएको । सोही दिन स्थायी प्रतिनिधि थापाले संयुक्त राष्ट संघका अन्य कार्यकमहरुको व्यस्तताको कारण आफूले UNPFII को सम्मेलनमा पुरै समय दिन नसकेको बताउँदै सचिव खतिवडालाई सम्मेलन चलिरहेको हलमा पुऱ्याई नेपालको लागि निर्धारित कुर्सीमा राखेर आफू अन्य वैठकमा सहभागि हुन जानुभएको । सचिव खतिवडाले सो दिनभरी आयोगको तर्फबाट सम्मेलनमा सहभागिता जनाएर आदिवासी जनजाति आयोगको तर्फबाट तयार गरेको अपर अरुण जलविद्युत परियोजना, भोटखोला गाउँपालिका, संखुवासभामा कार्यान्वयन भैरहेको FPIC अवधारणाको सफल उदाहरण सहितको प्रतिवेदन दर्ता गराएको ।

प्रतिवेदनको सफ्टकपी समेत उपलब्ध गराउन अनुरोध भए बमोजिम UNPFII का सम्बन्धित पदाधिकारीको इमेलमा प्रतिवेदनको सफ्ट कपी पठाएको । साथै सो प्रतिवेदनको प्रति संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगका प्रथम सचिव श्री कृष्ण अर्यालको अनुरोध बमोजिम उहाँलाई समेत उपलब्ध गराएको ।

- UNPFII को कार्यक्रममा सहभागि भै आयोगले दिएको जिम्मेवारी पूरा गरेर सचिव खतिवडा आफ्ना अन्य निजी भेटघाटका कामहरु समेत सम्पन्न गरी मे १३ का दिन नेपाल फिर्ता हुनुभएको ।

**६. कार्यक्रमको उपलब्धी**

आदिवासी जनजाति आयोगको स्थापना भएपछि दोस्रो पटक अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो । वि. सं. २०७७ माघ २१ गते आयोगका पदाधिकारीहरूको नियुक्ति भएपछि पहिलो पल्ट UN-PFII 22nd session मा सहभागिता जनाउन वि. सं. २०८० साल वैशाख १३ गते (23 April, 2023) मा आयोगका अध्यक्ष माननीय रामबहादुर थापामगर न्यूयोर्क प्रस्थान गरी २०८० वैशाख २१ गते (4 May, 2023) मा फिर्ता हुनु भएको थियो । यस वर्षको UN-PFII 23rd session मा सहभागी हुन वि. सं. २०८१ वैशाख ७ गते (19 April, 2024) मा आयोगका सदस्य माननीय डा. मीनबहादुर श्रीस न्यूयोर्क प्रस्थान गरी २०८१ वैशाख १४ गते (26 April, 2024) मा फिर्ता हुनुभएको हो । साथै, यस बर्षको कार्यक्रममा आयोगका सचिव श्री नूरहरि खतिवडाको समेत सहभागिता रह्यो ।

यसपटकको सम्मेलनमा माननीय सदस्य डा.श्रीसले आदिवासी जनजातिको हक अधिकारको संरक्षण र प्रवर्धनका सम्बन्धमा नेपालले अवलम्बन गरेका कानूनी तथा संरचनात्मक व्यवस्थाहरुको अलावा आदिवासी जनजातिहरुले पाइरहेका विशेष सुविधाहरुको बारेमा अवगत गराउनु भयो । सचिव खतिवडाले स्थानीय आदिवासी जनजाति समुदायको हित संरक्षणार्थ अपर अरुण जलविद्युत परियोजनाले संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकामा कार्यान्वयन शुरु गरेको FPIC अवधारणाको उदाहरण प्रस्तुत गर्नुभयो ।

संसारभरिका लगभग ९० देशका ३७ करोड भन्दा बढी आदिवासी जनजाति समुदायको मुद्दाहरूको सम्बोधन गर्ने संयुक्त राष्ट्रसंघको उच्च वरियताक्रममा रहेको यो मञ्चमा सहभागिता जनाउनु पर्ने नेपालको आधिकारिक एवं संवैधानिक निकाय नै आदिवासी जनजाति आयोग भएकाले UN-PFII 23rd session को कार्यक्रममा भाग लिएर आयोगले आफ्नो उपस्थितिलाई निरन्तरता दिने काम सम्पन्न गरेको छ ।

आयोग स्थापना भई पदाधिकारी बहाली भएको भर्खर ३ वर्ष मात्र पूरा भएकाले अन्तर्राष्ट्रिय सहभागिता, अन्तरसम्बन्ध र सहकार्यको आवश्यकता रहेको छ । UN-PFII को अधिवेशनमा सहभागिताले आयोगका पदाधिकारीहरूले नेपालका आदिवासी जनजाति र संविधान एवं ऐनमा भएका व्यवस्थाहरूका साथै नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको अवस्था बारे विश्व मञ्चमा प्रस्तुति दिने अवसर प्राप्त भएको छ । विश्वभरिका आदिवासी जनजातिका संघसंस्थाका प्रतिनिधि, सदस्य राष्ट्रका प्रतिनिधिका साथै यूएनका विभिन्न निकायका

प्रतिनिधिहरूसँग अन्तरसम्बन्ध स्थापित गर्ने, असल अभ्यासहरूका सूचना आदानप्रदान गर्ने र आपसी सहयोगका वतावरण निर्माण गर्ने अवसर प्राप्त गर्नु नै सबैभन्दा ठूलो उपलब्धीका रुपमा लिन सकिन्छ । अन्तर्राष्ट्रिय मञ्चमा नेपालका आदिवासी जनजाति समुदाय र आयोगको धारणा राख्ने आधिकारिक अवसर प्राप्त भएको छ । यसका साथै नेपालबाट अमेरीकामा गई स्थायी वा अस्थायी रुपमा बसोबास गरेका आदिवासी जनजाति समुदायका संघ संस्थाका पदाधिकारीहरूसँग भेटघाट तथा अन्तरक्रिया गर्ने अवसरले आपसी समन्वय र सम्बन्ध विस्तारको वातावरण निर्माण भएको छ । गैरआवासिय आदिवासी जनजाति संघ-संस्थाहरूको सहयोगमा नेपालका आदिवासी जनजाति समुदायका विभिन्न विषयगत क्षेत्रमा सशक्तिकरण तथा सबलिकरणका महत्वपूर्ण कार्यक्रमहरू सञ्चालन गर्न सकिने सम्भावना देखिन्छ ।

**७. सुझाव**

- UN-PFII संयुक्त राष्ट्रसंघीय प्रणालीमा आदिवासी जनजातिका मुद्दाहरूको समन्वय, प्रवर्द्धन र एकीकरण गर्ने तथा चेतना जगाउने उच्च वरियताक्रममा रहेको अन्तर्राष्ट्रिय मञ्च हो भने आदिवासी जनजाति आयोग नेपालका सूचीकृत आदिवासी जनजाति समुदायको सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको सन्दर्भमा सरकारलाई आवश्यक सुझाव दिने तथा सिफारिस गर्ने एक मात्र उच्चस्तरीय संवैधानिक निकाय हो । त्यसकारण UN-PFII को वार्षिक सेसन लगायतका गतिविधिहरूमा नेपालको तर्फबाट आदिवासी जनजाति आयोगको सहभागिता अनिवार्य रुपमा गराइनु आवश्यक छ ।
- संयुक्त राष्ट्रसंघीय स्थायी मञ्चको वार्षिक सेसनहरू पूर्वनिर्धारित समयमा तय गरिने र त्यसको सूचना दुई महिना अघि नै सदस्य राष्ट्रहरूलाई आधिकारिक रुपमा जानकारी गराइने भए पनि प्रक्रियागत वा अन्य कारणले गर्दा नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने Delegates ले पूर्वतयारी बिना अचानक र अपर्झट सहभागिता जनाउनु पर्ने हालको स्थितिमा सुधार गरिनु पर्ने देखिन्छ । पूर्वतयारी बिना र अचानकमा हुने सहभागिताले अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको उपस्थिति कमजोर र उपलब्धी बिहिन साबित हुनसक्दछ ।
- UN-PFII को session मा हरेक बर्ष सहभागिता जनाउने सुनिश्चिताको लागि आदिवासी जनजाति आयोगको वार्षिक कार्यक्रममा यस सम्बन्धी बजेट समावेश गरी खर्च व्यवस्थापन हुन आवश्यक देखिन्छ । यस्तो व्यवस्था हुनसकेमा आयोगले UN-PFII session का लागि मञ्चको सचिवालय Indigenous Peoples and Development Branch ले तयार पारेको proposed organization of work अनुसार निर्धारित Agenda item मा आवश्यक अध्ययन र छलफल गरी पूर्ण तयारीका साथ समयमै सहभागिता जनाउने वातावरण निर्माण हुन्छ । यसले गर्दा नेपालको सहभागिता अर्थपूर्ण, गहकिलो र उपलब्धीमूलक हुन गई अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सकारात्मक प्रभाव बृद्धि हुने अवस्था सिर्जना हुनजान्छ ।

## परिशिष्ट १

**Statement on Agenda Item 5 (d)**

**Statement by Hon. Min Bahadur Shris,**
**Member, Indigenous Nationalities Commission, Nepal**
**at the 23rd Session of the United Nations Permanent Forum of Indigenous Issues**
**New York, 15-26 April 2024**

**Agenda Item-5d:** *Human rights dialogue with the Special Rapporteur on the rights of Indigenous Peoples and the Expert Mechanism on the Rights of Indigenous Peoples; annual review of progress on the implementation of general recommendation No. 39 (2022)*

UNGR CR-4, Monday, 22 April 2024 1000-1800 hrs.

Time: 3 Minutes

**Madam Chair,**

We thank the Special Rapporteur for his informative briefing on the status of the rights of indigenous peoples.

As a multi-ethnic, multi-lingual, multi-religious, and multi-cultural society, 'unity in diversity' has remained a defining feature of Nepali society.

The fundamental rights of the minorities, including the indigenous people, have been ensured through the provisions of the Constitution.

Nepal has adopted various policies, set up institutions, and reformed social-cultural norms over the years.

Proportional representation in electoral and governmental organizations is guaranteed.

With this, the representation of the indigenous community to the Federal Parliament of Nepal has reached 30 percent and 35 percent in local bodies.

Twenty seven percent of government service quotas are reserved for indigenous communities. As a result, their participation in governance is increasing.

Two constitutional commissions are set up.

Social protection grants including monthly cash allowance are provided to every member of the ten indigenous groups who are on the verge of extinction. It has contributed to the human development index and social well-being of many indigenous communities.

We have ensured the right to education in one's native language and the right to participate in the cultural life of their communities, preserving their language, script, culture, cultural civilization, and heritage.

**Madam Chair,**

The Civil Code Act has recognized the land and property held or owned by a community for its use as community property.

Some indigenous communities have been using special privileges over the land (Guthi) for the socio-cultural benefit of such communities.

The practice of the FPIC has been applied in some mega projects of Nepal.

As a party to the ILO Convention 169, and a signatory to the UN Declaration on the Rights of the Indigenous People, Nepal is committed to ensuring collective as well as individual rights of the indigenous nationalities.

Nepal observes the International Day of Indigenous Peoples every year on August 9.

**To conclude, Madam Chair,**

Nepal stands ready to work with all the stakeholders, including Member States, UN entities, and indigenous communities to ensure the fundamental rights of the indigenous people.

Thank you.

**Side event Remarks**

United Nations | Department of Economic and Social Affairs
Social Inclusion

# UNPFII Twenty-Third Session: 15-26 April 2024

**Theme: "Enhancing Indigenous Peoples' right to self-determination in the context of the United Nations Declaration on the Rights of Indigenous Peoples: emphasizing the voices of Indigenous youth"**

**Remarks by Dr. Min Bahadur Shris**
**Commissioner, Indigenous Nationalities Commission, Nepal**

**Title Side Event:** Youth-Led Solutions for Sustainable Development Goals (SDGs): A Side Event for International Collaboration

**Date:** Tuesday, April 23, 2024
**Time:** 10:00 am - 11:15 am
**Location:** Conference Hall 6, United Nations Headquarters, New York, NY

Distinguished speakers and delegates,

Gathered here today, we embark on a journey of profound significance, one that intertwines the aspirations of Indigenous peoples for self-determination with the resolute spirit of youth activism.

Today, as we celebrate the voices of Indigenous youth in their quest to enhance Indigenous Peoples' right to self-determination, as enshrined in the United Nations Declaration on the Rights of Indigenous Peoples.

The Declaration stands as a beacon of hope, recognizing the inherent rights of Indigenous Peoples to govern themselves, to protect their lands, and to preserve their cultures. Yet, the realization of these rights remains elusive for many Indigenous communities around the world.

It is within this context that the voices of Indigenous youth emerge as catalysts for change, imbued with a passion for justice and a commitment to preserving their cultural heritage for future generations.

As Commissioner of the Indigenous Nationalities Commission of Nepal, I am deeply committed to fostering international collaboration in pursuit of sustainable development goals (SDGs) through youth-led initiatives.

With a profound understanding of the unique challenges faced by indigenous communities, our commission advocates for inclusive approaches that empower youth to drive positive change.

Under my leadership, the Commission champions initiatives that harness the innovative spirit and determination of young people, ensuring their voices are heard and their contributions valued on the global stage.

Through, today's event I endeavors to create a platform where youth can exchange ideas, share best practices, and forge partnerships to advance the SDGs, leaving a lasting impact on both local communities and the world at large.
Also, as we reflect on Dr. Ambedkar's tireless advocacy for social justice, we are reminded of the importance of empowering marginalized communities to assert their rights and reclaim their dignity.
In much the same way, Indigenous youth are leading the charge in demanding recognition, respect, and autonomy for their communities, challenging the status quo and advocating for meaningful change.
Today, we stand at a crossroads—a moment of opportunity to elevate the voices of Indigenous youth and amplify their calls for justice and equality. It is incumbent upon us to listen, to learn, and to act in solidarity with Indigenous communities as they strive to assert their right to self-determination and chart their own course towards a sustainable future.
In closing, let us draw inspiration from the enduring legacy of UN charter and the unwavering determination of Indigenous youth to create a world that is inclusive, equitable, and just.
Let us commit ourselves to the pursuit of social justice and human rights for all, guided by the timeless principles of equality and dignity.

Thank you.

McGill Centre for Human Rights and Legal Pluralism — Centre sur les droits de la personne et le pluralisme juridique de McGill

Land is Life

YFEED Foundation

Foundation for HUMAN HORIZON


Our Panelists
Youth-Led Solutions for Sustainable Development Goals (SDGs): A Side Event for International Collaboration
Date: Tuesday, April 23, 2024
Time: 10:00 am - 11:15 am
Location: Conference Hall 6, United Nations Headquarters, New York, NY
Halyna Yanchenko
People's Deputy of Ukraine
Hanieh Moghani
Islamic Republic of Iran
Dr. Akanksha Anand
State University of New York
Bobby Shrestha
Youth Activists AIIN
Phoolman Chaudhary
Asian Indigenous People's Movement
Subodh Singh Tharu
Commissioner of Tharu Commission
Dr Min Bahadur Shris
Commissioner of Indigenous Nationalities
Anish Shrestha
Youth For Environment Education And Development Forum
Vital Bambanze
Batwa Indigenous Peoples
Richa Sharma
Food Diplomacy and Sovereignty
Eskender Bariiev
Mejlis of the Crimean Tatar People
Deelip Mhaske
Foundation For Human Horizon

# Indigenous Nationalities Commission

## Nepal

A brief report;

presented in 23rd Session of The United Nations Permanent Forum on Indigenous Issues – UNPFII (15 to 26 April 2024), UN Headquarters, New York**;**

on the topic,

"**Free, Prior and Informed Consent (FPIC) in Upper Arun Hydro - Electric Project, Nepal.**"

**Back Grounds**

- FPIC centers on obtaining consent from indigenous peoples for any activities undertaken on their land.
- Government should start prior consultation and obtain their consent from the indigenous peoples before any programs or activities are launched on their land or use their natural resources.
- The concept of FPIC arise from the Right to Self Determination. It is mentioned in **"Indigenous and Tribal Peoples Convention, 1989"** (no.169) of ILO. The words Free, Prior and Informed Consent - **FPIC** are clearly stated in the article 10 of The **United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP), 2007**.
- Now, FPIC is supposed to be the main tool to safeguard the rights of the Indigenous Peoples worldwide.

**FPIC in Upper Arun Hydro - Electric Project, Nepal**

- IN Nepal, Upper Arun Hydro-Electric Project, World Bank funded mega project of 1061 MW, has introduced FPIC concept systematically in Bhotkhola Rural Municipality of Sankhuwasabha District, Nepal.
- 11 December 2022 is the date that the three parties – Bhotkhola Rural Municipality, Upper Arun Hydro Electric Company and the Indigenous Peoples Advisory Council of Bhotkhola RM, signed the agreement to launch different projects, in accordance with the concept of FPIC, for the protection of the Rights and promotion of the wellbeing of the deprived and affected Indigenous People of some 22 villages of the Bhotkhola RM.
- The Upper Arun Hydro-Electric Project has allocated the budget of 55,00,00,000 NRs. (About 41,00,000 USD) for the activities that are aimed to safeguard rights and wellbeing of Indigenous Peoples and to uplift their life standards.
- Indigenous Peoples Advisory Council; containing 158 members from 22 different villages, affected by the project; has been formed. The Advisory Council has started its functioning in accordance with the concept of FPIC and other national or international laws.

**Concern of Indigenous Nationalities Commission**

- Indigenous Nationalities Commission is entitled to review, monitor, and evaluate the programs and activities, conducted by the Government of Nepal or any other organizations, for the protection of the Rights and empowerment of Indigenous Peoples of Nepal.
- The Commission has acknowledged and appreciated the effort, undertaken by Upper Arun Hydro -Electric Project and the World Bank, to introduce the concept of FPIC to safeguard the rights of the Indigenous Peoples of Bhotkhola RM.
- Chief District Officer – CDO, of Sankhuwasabha; government's representative in respective District; facilitated to introduce FPIC in Bhotkhola RM in 2022. As the chief of the Land acquisition Committee, CDO played very crucial and positive role in counselling and compensating the indigenous people while acquiring their traditional land for the use of Upper Arun Hydro- Electric Project. I personally feel very fortunate to receive appreciation by local Indigenous People of Bhotkhola RM and the Upper Arun Hydroelectric Project for my contribution as the CDO at that time in Sankhuwasabha.
- Indigenous Nationalities Commission feels very pleased to share this successful example of FPIC in Upper Arun Hydro Electric Project, and inspires, to replicate in other projects to ensure that the project safeguards the rights of Indigenous People.
- The Commission, now, has made policy recommendation to the Government of Nepal to direct all development Projects; affecting the livelihood of the Indigenous Peoples; launch FPIC mandatorily.
- The Indigenous Nationalities Commission Nepal would like to extend its appreciation to the UNPFII for the opportunity to share the successful FPIC example of Upper Arun Hydro Electric Project, in this great international forum. Thank You.

Presented by,

NURAHARI KHATIWADA

Secretary, Indigenous Nationalities Commission, Nepal

Date: 16 April 2024, UN Headquarters, New York, USA.

**तस्विरहरू**




Permanent Mission of Nepal to the UN: दायाँबाट Ambassador/Permanent Representative लोकबहादुर थापा, मा. सुबोधसिह थारु र मा. डा. मीनबहादुर श्रीस (अप्रिल २२, २०२४)




UN Headquarters, General Assembly Hall मा UN-PFII 23rd session को अप्रिल २२, २०२४ को कार्यक्रममा नेपालको तर्फबाट statement प्रस्तुत गर्दै आदिवासी जनजाति आयोगका सदस्य माननीय डा. मीनबहादुर श्रीस



अप्रिल २३, २०२४ का दिन UN Headquarters, Conference Hall 6 मा Side Event मा आफ्नो Remarks प्रस्तुत गर्दै आदिवासी जनजाति आयोगका सदस्य माननीय डा. मीनबहादुर श्रीस




अप्रिल २३, २०२४ का दिन सम्पन्न UN Headquarters, Conference Hall 6 को Side Event मा Panelists र सहभागीहरूका साथ आयोगका सदस्य डा. मीनबहादुर श्रीस



UN-PFII 23rd session मा सहभागी नेपालका गैरसरकारी संस्थाका प्रतिनिधिहरूका साथमा
From right: Amrita Thebe ( LAHURNIP), Sabnam Lama (NIWF), Hon. Subodhsing Tharu, Hon. Dr. Min Bdr. Shris and Sabba Rani Maharjan (AIPP), 22 April, 2024 (UN)




मगर संघ अमेरिका, न्यूयोर्क च्याप्टरको कार्यालय Woodside NY मा आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रमको प्रमुख आतिथ्यतामा माननीय डा. मीनबहादुर श्रीस (२३ अप्रिल २०२४)




भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा सहभागी मगर संघ अमेरिका र न्यूयोर्क च्याप्टरका पदाधिकारीहरूसँग माननीय डा. मीनबहादुर श्रीस (२३ अप्रिल २०२४, साँझ)




आदिवासी जनजाति महासंघ अमेरिका (फिन्पा) ले Jackson Heights Queens NY मा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा मा. डा. मीनबहादुर श्रीस (२४ अप्रिल, २०२४ साँझ)




**UNPFII को 23rd Session 16 April 2024 UN Headquarters, New York.**





संयुक्त राष्ट्र संघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापासंग उहाँकै कार्यकक्षमा आयोगका सचिव नूरहरि खतिवडा ।
मिति २०८१।०१।०४ (१६ अप्रिल २०२४)



**UN Headquarters, General Assembly Hall** मा **UNPFII** को सम्मेलनमा सहभागि हुदै आयोगका सचिव नूरहरि खतिवडा ।
मिति २०८१।०१।०४ (१६ अप्रिल २०२४)



**UN Headquarters, New York** परिसरमा सचिव नूरहरि खतिवडा ।
मिति २०८१।०१।०४ (१६ अप्रिल २०२४)



संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोगका प्रथम सचिव कृष्ण अर्यालसंग
सचिव नूरहरि खतिवडा **UN Headquarters, New York.**
मिति २०८१।०१।०४ (१६ अप्रिल २०२४)

संयुक्त राष्ट्र संघ परिसर न्यूयोर्कमा
सचिव नूरहरि खतिवडा



UN Headquarters, General Assembly Hall
मा UNPFII को सम्मेलनमा सहभागि हुँदै
सचिव नूरहरि खतिवडा




२०८१।०१।०४ (१६ अप्रिल २०२४)